म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ अङ्कः- १६० २०८३ वैशाख २० गते आइतबार 3 May 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## राष्ट्रपतिद्वारा तीन अध्यादेश जारी

काठमाडौं : राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार तीन वटा अध्यादेश जारी गरेका छन् । सरकारले गत मंगलबार सिफारिस गरेको विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी दुई अध्यादेश र बुधबार सिफारिस गरिएको सार्वजनिक पदाधिकारीहरुको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था गर्न बनेको अध्यादेश राष्ट्रपति पौडेलले जारी गरेका हुन् ।

सरकारले सिफारिस गरेका कुल आठमध्ये यसअघि सहकारी, सम्पत्ति शुद्धीकरण र सार्वजनिक खरिद प्रक्रिया सम्बन्धी अध्यादेश जारी गरि सकेका छन् । संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र केही नेपाल ऐनलाई संशोधन गर्न बनेकोसहित अब दुई अध्यादेश जारी हुन बाँकी छन् । केही नेपाल ऐन अन्तर्गत २० वटा ऐन संशोधनको सिफारिस गरिएको छ ।

विगतमा दुई-दुई पटक फिर्ता गर्दा लिएका आधार संशोधन नभई उस्तै प्रकृतिको व्यवस्था भएकाले संवैधानिक परिषद् सम्बन्धी अध्यादेशका बारेमा राष्ट्रपति पौडेलले थप परामर्श गर्ने जनाएका छन् । अध्यादेश पेश भएपछि संविधानविद्हरुसँग परामर्श गरेका राष्ट्रपति पौडेलले यसबारेमा प्रधानमन्त्री बालेन्द्र शाहसँग पनि परामर्श गर्ने तयारीमा छन् ।

# थाहानगरमा तीन वर्षे बज्रबाराही जात्रा सुरु



थाहा : मकवानपुरको थाहा नगरपालिका-६, टिष्टुङ बज्रबाराहीमा हरेक तीन वर्षमा तीन दिनसम्म लाग्ने बज्रबाराही जात्रा शनिबारदेखि सुरु भएको छ । चण्डीपूर्णिमा अर्थात वैशाख पूर्णिमाको दिनदेखि बज्रबाराहीको जात्रा सुरु हुन्छ ।

जात्राको पहिलो दिन गाउँबाट देवताहरु ल्याएर टिष्टुङस्थित बज्रबाराही पीठमा राख्ने गरिन्छ । पूर्णिमापछिको शनिबारका दिन यहाँका बस्तीका प्रत्येक घरबाट बलीसहित पूजा ल्याएर दिनभर पूजा गर्ने गरिन्छ । तेस्रो दिन गाउँबाट ल्याइएका देवताहरु फर्काइन्छ । उपत्यकालाई रक्षा गर्ने चार बाराहीमध्ये एक ललितपुरस्थित बज्रबाराहीको मन्दिर नेपाल सम्वत ७८६ मा निवास मल्लले बनाउन लगाएको इतिहास छ । टिष्टुङमा बज्रबाराहीलाई ललितपुरको बज्रबाराहीको आमाको रुपमा लिने गरिन्छ ।

यहाँ प्रत्येक तीन वर्षको अन्तरालमा वैशाख पूर्णिमाको पछिको शनिबार पारेर जात्राको सुरुवात हुने परम्परा छ । थाहा नगरपालिका ६ नम्बर वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिले जात्राको व्यवस्थापन गरिरहेको वडाध्यक्ष राजनभक्त श्रेष्ठले बताए ।

तान्त्रिक विधि अनुसार पूजाआजा गर्नुका साथै टिस्टुङ क्षेत्रको इस्ट देवता नै बज्रबाराही भएकाले आराधाना गर्दा मात्र मानव कल्याण हुने जनविश्वास छ । गुठीको नाममा रहेको २ सय ४ रोपनी जग्गाको आयस्रोतले जात्रा र गुठी संचालन हुँदै आएको छ । जात्रामा यस क्षेत्रका विभिन्न जातिहरु आ-आफ्नै भेषभुषा, संस्कृति र बाजागाजाका साथ सहभागिता जनाउँछन् । जात्रा संचालन र व्यवस्थापनका लागि १३ वटा गुठीहरु समेत संचालनमा छन् । एउटा गुठी नेपाल सरकारका नाममा समेत संचालित छन् ।

गणेश गुठी, कुमारी गुठी, बाराही गुठी, ईन्द्रायणी गुठी, भैरव गुठी, बाजा व्यवस्थापन गुठीलगायतका गुठी छन् । जात्राका बेलामा बाराही पीठमा बली दिनका लागि पहिले नै दुई वटा राँगा खुलारुपमा छाडिएको हुन्छ । यसरी छाडिएको राँगालाई कुट्न, लखेट्न र थुन्न हुँदैन भन्ने मान्यता छ । छाडिएका राँगाहरु जहाँ पुगे पनि स्थानीयले पिठोलगायतका खानेकुरा खुवाएर पठाउने गर्छन् ।

जात्रा सुरु हुनुपूर्व पुजारीहरुले आइतबारदेखि शुक्रबारसम्म मध्यरात मन्दिरमा (पीठ)मा गएर पूजा गर्छन् । जसलाई 'चा'पूजा भनिन्छ । 'चा' भनेको नेवारी भाषामा रात हो । 'यसरी 'चा पूजा अर्थात् रात पूजा गर्न जानेहरु दुबै जना घर नफर्केसम्म एकअर्कासँग बोल्न हुँदैन, पछाडि फर्केर पनि हेर्नु हुँदैन स्थानीयवासी महेश्वर महर्जनले भने, 'त्यसको भोलिपल्ट देवीको पूजा गरिन्छ । तान्त्रिक विधीबाट क्षमा पूजा गरेपछि स्थानीय कर्माचार्यहरुमध्ये जसलाई देवता चढ्छ उसलाई नै खड्ग दिइन्छ । ऊ नै खः द्यो बन्न पाउँछ । यसरी खः द्यो चयन भएपछि उसले सेतो जामा र सेतो बेताली लगाएर खड्ग बोकी काम्दै बाहिर निस्कन्छन् ।'

जात्राको पहिलो दिनको मध्यरातमा विशेष पूजा गरिन्छ । यो पूजा गरेको हेर्नका लागि धेरै मान्छे राति नै उठेर मन्दिर जाने गर्छन् । यो पूजा अन्तर्गत सुरुमा देउला समुदायले ल्याएको पूजा गरिन्छ जसलाई सरकारी पूजाको रुपमा लिइन्छ । यो पूजामा सर्प, भ्यागुतो, हाँस, भेडा, किरा फट्याङग्रा, माछा, चरा, भाले, बोका र राँगालगायतको बली दिइन्छ ।

यसरी बली दिनका लागि हरेक जीवको भाले-पोथी जोडी नै पीठ (मन्दिर)मा लगिन्छ । भालेलाई बली दिइन्छ भने पोथीलाई मन्दिर स्थलमा छाडिन्छ । आइतबारको दिनलाई जात्राको मुख्य दिन मानिन्छ । यो दिन टाढाटाढाबाट दर्शनार्थी आउँछन् । जात्राको दोस्रो दिन बिहान झिसमिसेदेखि नै बली दिन सुरु हुन्छ । पञ्चबली दिनेहरुले पनि यही दिन पूजा गर्छन् ।

पञ्चबलीमा बोका, हाँस, भाले, राँगा र भेडाको बली दिइन्छ । यही दिन तीन वर्षदेखि भाकल राखेकाहरुले समेत बली पूजा गर्छन् । मन्दिरमा पशुपन्छी मात्रै होइन फलफूल पनि उत्तिकै चढाईन्छ । पूजा सकिएपछि अघिल्लो राति बली दिइएका दुई वटा राँगाका मुटु र बोकाको टाउको यज्ञमा होमिन्छ । विशेष मन्त्रोच्चारण गर्दै यज्ञ गर्ने चलन छ । यो यज्ञ पश्चात बाराहीको शक्ति पीठमा बली दिइँदैन ।

जात्राको तेस्रो अर्थात अन्तिम दिन सर्वप्रथम पिठमा बली दिई छाडिएका जीवहरुको टाउको संकलन गरिन्छ । त्यसपछि देवतालाई फूलपातीले छोप्ने र त्यसमाथि मासु र भातले छोप्ने चलन छ । त्यही मासु र भातलाई देवता फर्काउनुअघि प्रसादका रुपमा बाँडिन्छ ।

प्रसाद लिनेहरुको भीड हुने भएकाले पुजारीहरुले माथिमाथि र टाढाटाढासम्म फयाँकेर प्रसाद दिने गर्दछन् । धार्मिक आस्था र मान्यता अनुसार यो प्रसाद खाँदा स्वस्थ्य हुने र रोगव्याधि निको हुने विश्वास छ । यो दिनमा खुवाइने जाँड पहिले देउला समुदायले खान्छन् र त्यहीँ जुठो जाँड देवताहरुलाई खुवाइने स्थानीय प्रमोद जोशी बताउँछन् । उनले भने, 'त्यो जाँड पछि अन्य सर्वसाधारणलाई पनि बाड्ने चलन छ ।' *स्रोत : पालिकाप्रेस ।*

# नवप्रवेशी शिक्षकलाई सेवा प्रवेश तालिम



*सेवा प्रवेश तालिममा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडा : शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले २०८२ सालमा नवप्रवेशी शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन गरेको छ । मंगलबारदेखि बिहिबारसम्म हेटौंडामा सञ्चालित तालिममा २८ जना शिक्षक सहभागी थिए ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीका अनुसार शैक्षिक सत्र २०८२ मा नियुक्त हुनुभएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम आयोजना गरिएको हो । विभिन्न चरणमा नियुक्त हुनुभएका शिक्षकहरुलाई नियुक्ति लगत्तै तालिम दिन अनुकुल नभएको र अहिले नयाँ शैक्षिक सत्रको पठनपाठन सुरुवात भइनसकेको अवधिमा तालिमको आयोजना गरिएको इकाई प्रमुख गिरीले बताउनुभयो । तालिममा प्राथमिक तहका २३ जना, निम्न माध्यमिक तहका ३ जना र माध्यमिक तहका २ जना गरी २८ जना सहभागी थिए ।

तालिमका क्रममा शिक्षकहरुलाई निर्धारित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, विद्यार्थीको मूल्यांकन, विद्यमान शिक्षक ऐन, नियम, कक्षाकोठा व्यवस्थापन लगायतका विषयमा नवप्रवेशी शिक्षकहरुलाई अभिमुखीकरण गरिएको थियो । तालिममा सहभागी शिक्षकहरुले तालिममा सिकेका ज्ञान, सीपले नयाँ शैक्षिक सत्रको पठनपाठनमा गुणत्मक सुधार हुने प्रतिक्रिया जनाएका छन् ।

तालिममा इकाई प्रमुख सुदीप गिरीसँगै इकाईकी शाखा अधिकृत संगीता घले, हेटौंडा-१६, हटियास्थित जनप्रिय माविका प्रधानाध्यापक भुपेन्द्र चौलागाई, हेटौंडा-२ स्थित सिद्धार्थ माविका शिक्षक खेमराज लामिछाने र हेटौंडा-५ स्थित जेनिथ इन्टनेशनल स्कूलका प्रिन्सिपल श्रीबहादुर कार्कीले सहजीकरण गर्नुभएको थियो ।

# प्रशासनको सेवा प्रवाहमा सुधार

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रशासन कार्यालय मकवानपुरको सेवा प्रवाहको स्वरूप विस्तारै बदलिन थालेको छ । विगतमा कर्मचारीहरूको ढिलासुस्ती र रुखो व्यवहारका कारण सास्ती खेप्दै आएका सेवाग्राहीहरूले पछिल्लो समय कार्यालयको सेवाप्रति सकारात्मक प्रतिक्रिया दिन थालेका हुन् ।

बुधबार जिल्ला प्रशासन कार्यालयमा काम गराउन पुगेका सेवाग्राहीहरूले कर्मचारीहरूको कार्यशैली र बोलीचालीमा पहिलेको तुलनामा निकै सुधार आएको बताए छन् । मुलुकमा नयाँ सरकार गठन भएसँगै कार्यालयको सेवा प्रवाहमा सुधार आएको उनीहरुको भनाइ छ । पहिले एउटै कामका लागि दिनभर कुर्नुपर्थ्यो, कर्मचारीहरू आफ्नो कार्यकक्षमा समयमा नभेट्ने, भए पनि छिटो काम नगरेकाले सेवाग्राहीहरुले सास्ती भोग्दै आएका थिए । 'अहिले कर्मचारीको बोली फेरिएको छ र काम पनि पहिलेभन्दा छिटोछरितो हुन थालेको छ', एक सेवाग्राहीले भन्नुभयो ।

कर्मचारीको व्यवहारमा सुधार देखिए पनि कार्यविधिमा भने अझै केही पुराना विकृतिहरू कायमै रहेको सेवाग्राहीहरूको गुनासो छ । विशेषगरी, लाइनमा बसेर सेवा लिनुपर्ने ठाउँमा भनसुन र पहुँचका आधारमा लाइन मिचेर काम गरि दिने प्रवृत्ति अझै पूर्णरूपमा अन्त्य हुन नसकेको उनीहरू बताउँछन् । 'भित्र चिनेजानेका मान्छे हुनेहरूले सजिलै लाइन मिचेर काम गराउँछन्,

*बाँकी पृष्ठ ४ मा...*

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

# वनदेवी आधारभूत विद्यालयका अभिभावक र विद्यार्थीसँग अन्तरक्रिया



*अन्तरक्रियामा सहभागी अभिभावकहरु ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१५, फार लाइनस्थित वनदेवी आधारभूत विद्यालयले अभिभावक र विद्यार्थीसँग अन्तरक्रिया गरेको छ । शनिबार कक्षा ८ को नतिजा सुधार गर्ने तथा अभिभावकलाई आफ्ना बालबालिकाको पठनपाठन प्रति चासो जगाउने उद्देश्यले अन्तर क्रियाको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक जयप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

विद्यार्थीको पढाई प्रति अभिभावकको चासो घट्दै गएका कारण आफ्ना विद्यार्थीप्रति चासो बढोस् र अभिभावकको सक्रिय सहभागिता रहोस् भन्ने उद्देश्यले अन्तरक्रिया गरिएको प्रधानाध्यापक पोखरेलले बताउनुभयो । पछिल्लो समयमा अभिभावकले पढाई प्रति चासो नदेखाउँदा विद्यार्थीको पढाई खस्कँदो अवस्थामा रहेको र अभिभावक शिक्षा कमि नहोस् भनेर कार्यक्रमको आयोजना गरिएको उहाँले बताउनुभयो । गएको वर्ष आधारभूत तहको परीक्षामा १६ जना सहभागी भएकोमा ११ जना नियमिततर्फ र ३ जना मौका पर ीक्षामा ग्रेडेड भएका थिए । २ जना भने नन्ग्रेडेड भएका थिए ।

८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा २०८१ सालमा ३३० जना भर्ना भएका थिए । २०८२ सालमा ८० जना विद्यार्थी संख्या घट्दै २५० जना विद्यार्थी थिए । २०८२ सालको तुलनामा यस वर्ष विद्यार्थी संख्या बढ्ने प्रधानाध्यापक पोखरेलले बताउनुभयो । बैशाख १५ गतेबाट भर्ना अभियान संचालन गर्दा शनिबारसम्म १६० जना विद्यार्थी भर्ना भएका छन् ।

विद्यालयमा बसको सुविधा नभएका कारण विद्यार्थी संख्या घटेको बताउँदै यस वर्षबाट विद्यालयले म्याजिक गाडी संचालन गर्न लागेको प्रधानाध्यापक पोखरेलले बताउनुभयो । उहाँका अनुसार अभिभावकसँग सल्लाह गरेर यस वर्षबाट म्याजिक संचालन गर्न लागिएको र विद्यालयको साधन हुँदा विद्यार्थी संख्या बढ्नेछ । विद्यालयले गाडी संचालनका लागि विद्यालयका पिटिए अध्यक्ष डिल बहादुर लोप्चनलाई जिम्मेवारी दिएको छ ।

विद्यालयले यस वर्ष निःशुल्क भर्ना, अभिभावक र विद्यालयको ५०/५० प्रतिशत लागतमा नयाँ पोशाक, ५ कक्षासम्म निःशुल्क खाजा, मोवाइल शिक्षकको व्यवस्था, नगरपालिकाको बजेटमा नयाँ क्यान्टीनको व्यवस्था, रमणीय वातावरणमा पठनपाठन गराइने उहाँले बताउनुभयो । नेपाल सर कारको निर्णय अनुसार विद्यालय सोमबारबाट संचालन गरिने उहाँको भनाई छ । विद्यालयमा विद्यार्थीहरुलाई नयाँ ढङ्गले स्वागत गर्नका लागि तयारी गरिएको प्रधानाध्यापक पोखरेलले जानकारी दिनुभयो ।

विद्यालयमा कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालयको राम्रो व्यवस्था रहेको छ भने ५ कक्षासम्म अङग्रेजी माध्यममा पठनपाठन हुने, सिसि क्यामेराको व्यवस्था, सबै कक्षामा टिभीको व्यवस्था रहेको प्रधानध्यापक पोखरेलले बताउनुभयो । विद्यालयले शिक्षामा अझै सुधार गर्ने उद्देश्यले मोवाइल शिक्षकको व्यावस्था गरेको हो । कुनै शिक्षक नआएर कक्षा खाली भएमा मोवाइल शिक्षकले पठनपाठन गराउने उहाँले बताउनुभयो ।

अन्तरक्रिया प्रधानाध्यापक पोखरेलको सभाध्यक्षता तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष जयनारायण श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा पिटिए अध्यक्ष डिल बहादुर लोप्चन, विद्यालयका सल्लाहकार रोहितराज मैनाली, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु ओमकार भट्ट, रिमनी लामा, पिटिए सदस्यहरु निर्मला पाखिन र चन्द्रमाया डिम्डुङको उपस्थिति रहेको थियो ।



## सम्पादकीय

# आयोजना छनोटमा मनलाग्दी

हरेक वर्ष बजेट निर्माणको समयमा निश्चित नीति, नियम, मापदण्ड, कार्यविधि बनाएर आयोजना छनोटलाई प्रभावकारी बनाउने कोशिस गर्ने गरिन्छ । बजेट तर्जुमाको समयमा विधि र पद्दतिको कुरा गर्ने गरिए पनि आयोजना छनोटमा मनलाग्दी हुने गरेको प्रशस्त उदाहरण पाउन सकिन्छ । मापदण्ड विपरित आयोजना छनोट गरेर बजेट तर्जुमा प्रक्रियाकै धज्जी उडाउने काम बागमती प्रदेश सरकारले गरिरहेको छ । प्रदेश सरकारले जम्मा २० लाख रुपैयाँ बजेटको साना आयोजनालाई पनि बहुवर्षे आयोजनाको रुपमा छनोट गरेर बजेट नियोजन गरेको पाइएको छ । बागमती प्रदेश सरकारले दुई आर्थिक वर्षमा सम्पन्न गर्नेगरी भवन पूर्वाधारतर्फको २० लाख रुपैयाँदेखिका आयोजनालाई बहुवर्षीय ठेक्का प्रक्रियामा लैजान लागेको हो ।

बजेट निर्माण प्रक्रियालाई व्यवस्थित गर्न भनेर प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले वर्षेनि विभिन्न मापदण्ड बनाउने गर्दछ । प्रदेश सरकारले आयोजना छनोटलाई व्यवस्थित र प्रभावकारी बनाउन आयोजना बैंक निर्माण गरेर कार्यान्वयनमा समेत ल्याएको छ । तर, प्रदेश सरकारले हजारौं साना र टुक्रे आयोजनालाई बजेट विनियोजन गर्दै आएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पठाएको पछिल्लो स्रोत सहमतिसम्बन्धी पत्रअनुसार प्रदेशको भवन प्रविधितर्फको ६९ वटा योजनाको सूचीमा २० लाख रुपैयाँदेखिका स-साना योजनाहरुलाई बहुवर्षीय ठेक्कामा लैजान सहमति दिइएको छ । ठूला बजेटका र निर्माणमा धेरै अवधि लाग्ने आयोजनाका लागि बहुवर्षीय ठेक्का लगाउनु स्वभाविक भए पनि दुई-तीन महिनामै निर्माण सम्पन्न गर्न सकिने २०-३० लाखका आयोजनालाई पनि बहुवर्षीय ठेक्कामा लैजानु उपयुक्त देखिँदैन ।

साना र खुद्रे योजनालाई बहुवर्षीय बनाउँदा प्रदेशको प्रशासनिक संयन्त्र र कार्यान्वयन क्षमतामाथि नै प्रश्न उठेको छ । साना आयोजनालाई बहुवर्षीय बनाउँदा कामको बोझमात्र बढाउँछ । कुनै मन्दिरको दक्षिणतर्फ बाटो निर्माणका लागि २ वर्षमा २७ लाख रुपैयाँ लागत अनुमान गरेर चालु आर्थिक वर्षमा १३ लाख ५० हजारमात्र विनियोजन गरिएको छ । ललितपुरको भगवती मन्दिर चोकदेखि पुडाल जाने सडकका लागि प्रति आर्थिक वर्ष १५/१५ लाख रुपैयाँ गरी ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । धादिङको मैदानदेखि घिताल थुम्का पानीको ट्यांकीसम्म बाटो निर्माण का लागि २ वर्षमा ४० लाख रुपैयाँ विनियोजन भएको छ । काठमाडौंको कपुर शान्ति विकास समाज भवन निर्माणका लागि २ वर्षमा ५० लाख रुपैयाँ, किरिचौरदेखि सुनार निर्माण टोलसम्म सडकका लागि २ वर्षमा ४५ लाख रुपैयाँ र सामुदायिक वन सेवा समाज भवन निर्माणका लागि २ वर्षमा ३० लाख रुपैयाँ बजेट खर्च गर्न सहमति दिइएको छ ।

प्रदेश सरकारले धेरै र टुक्रे आयोजनालाई बजेटमा समावेश गर्दा यस्तो समस्या आउने गरेको अनुमान गर्न सकिन्छ । बिचौलियादेखि राजनीतिक दलका नेता तथा कार्यकर्ताको दबाबमा बजेट निर्माण गर्नुपर्ने भएकाले धेरै आयोजना छनोट गर्दा पूरा बजेट विनियोजन हुन नसकेकैले साना आयोजनालाई बहुवर्षीय बनाउँदा प्रदेश सरकार आलोचित बन्नु परिरहेको छ । आवश्यकता र औचित्यका आधारमा आयोजना छनोट नहुने, छनोट भएका आयोजना समयमै कार्यान्वयनमा नलैजाने, आर्थिक वर्षको अन्त्यतिर आयोजना कार्यान्वयनमा चासो देखाउने परिपाटीले पनि थोरै बजेटका आयोजनालाई बहुवर्षीय बनाउनुपर्ने बाध्यता बनेको हो । आयोजना छनोटमा मनलाग्दी गर्दा धेरै बजेटका बहुवर्षीय आयोजनाका लागि समेत न्यून बजेट उपलब्ध हुने र अनावश्यक आयोजनालाई बहुवर्षीय बनाउने परिपाटीले बजेट प्रणाली विकृतमात्र भएको छैन प्रदेश सरकारमा कामको बोझ बढाउनुका साथै बजेटको सदुपयोगसमेत हुन सकेको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : मनमा रोमान्स र उल्लास देखा पर्ने समय छ । |
| वृष | : मायाप्रेमको वातावरण बढ्ने समय योग छ । |
| मिथुन | : बैदेशिक प्रयोजनको काममा समय व्यतित हुनेछ । |
| कर्कट | : बन्धुबान्धवले सहयोग पुऱ्याउने समय योग छ । |
| सिंह | : श्रममूलक कामबाट लाभ प्राप्त हुने समय छ । |
| कन्या | : आर्थिक कारोबारप्रति केन्द्रित भइने समय योग छ । |
| तुला | : व्यापार-व्यवसायबाट त्यति लाभ नहुने समय छ । |
| वृश्चिक | : संस्कार र परम्पराप्रति जिम्मेवार बढ्ने समय छ । |
| धनु | : मानसिक सन्तुष्टिको समय योग रहेको देखिन्छ । |
| मकर | : अल्छी नगरी भविष्य बनाउने समय योग छ । |
| कुम्भ | : आवेग र रिसलाई नियन्त्रण गर्दा राम्रो हुनेछ । |
| मीन | : मनोरञ्जनमा आकर्षण बढ्ने समय योग छ । |

# सुशासनको आलोकमा जारी अध्यादेश




अध्यादेश भनेको संसदको अधिवेशन सञ्चालनमा नरहेको अवस्थामा तत्काल कानुनी व्यवस्था गर्न आवश्यक ठानेर कार्यपालिकाले ल्याउने अस्थायी कानुन हो । नेपालको संविधान-२०७२ को धारा ११४ ले मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिलाई अध्यादेश जारी गर्ने अधिकार दिएको छ । धारा ११४ (१) अनुसार संघीय संसदको कुनै पनि सदनको अधिवेशन चालु नभएको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ । यसरी जारी भएको अध्यादेश संसदबाट पारित कानुनसरह लागू हुन्छ, तर यो स्थायी कानुन होइन । संसदको बैठक बसेपछि निश्चित समयभित्र संसदसमक्ष पेश गर्नुपर्ने र अनुमोदन नभए स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ । त्यसैले अध्यादेश लोकतान्त्रिक प्रक्रियाको अधिनमा रही आकस्मिक वा अत्यावश्यक अवस्थामा राज्य सञ्चालनलाई अवरुद्ध हुन नदिन संविधानले दिएको वैधानिक र अस्थायी व्यवस्था हो ।

तर नेपालको राजनीतिमा अध्यादेश शब्द सुन्नासाथ एक प्रकारको नकारात्मक प्रतिक्रिया आउने गरेको छ । अध्यादेश शब्द उच्चारण हुनासाथ प्रायः विवाद, आलोचना र शंका सँगसँगै आउँछन् । धेरैले अध्यादेशलाई संसद छल्ने माध्यम, लोकतन्त्र कमजोर बनाउने औजार वा राजनीतिक सर्टकटका रूपमा बुझ्ने गरेका छन् । तर, वास्तविकता यति सरल छैन । संविधानले नै सरकारलाई निश्चित परिस्थिति र आवश्यकताका आधारमा अध्यादेश ल्याउने अधिकार दिएको छ । विगतमा अध्यादेशलाई राजनीतिक स्वार्थ, शक्ति सन्तुलन मिलाउने खेल, संसदीय बहस छल्ने माध्यम वा अस्थायी राजनीतिक फाइदाका लागि प्रयोग गरिएका उदाहरणहरू रहेकाले जनमानसमा यस्तो धारणा बन्नु स्वाभाविक पनि हो । तर, कुनै पनि संवैधानिक व्यवस्थालाई त्यसको दुरुपयोगका आधारमा पूर्णरूपमा अस्वीकार गर्नु बुद्धिमत्तापूर्ण निष्कर्ष होइन ।

अध्यादेश आफैंमा गलत होइन, यसको उद्देश्य, समय, आवश्यकता र कार्यान्वयनले त्यसको औचित्य निर्धारण गर्छ । नेपालको संविधानले नै कार्यपालिकालाई निश्चित परिस्थितिमा अध्यादेश ल्याउने अधिकार दिएको छ । राज्य सञ्चालनमा कहिलेकाहीँ तत्काल निर्णय र कानुनी हस्तक्षेप आवश्यक हुन्छ, जहाँ संसदको नियमित प्रक्रिया पर्याप्त छिटो वा उपलब्ध नहुन सक्छ । नेपालको संविधान, २०७२ को धारा ११४ ले संसद अधिवेशनमा नरहेको अवस्थामा तत्काल कानुनी व्यवस्था आवश्यक परे अध्यादेश जारी गर्न सकिने स्पष्ट व्यवस्था गरेको छ । यसले अध्यादेशलाई संविधानद्वारा अनुमोदित वैधानिक प्रक्रिया बनाउँछ । त्यसैले अध्यादेश ल्याउनु मात्र लोकतन्त्रविरोधी वा संसद अवमूल्यन होइन । बरु प्रश्न यो हुनुपर्छ अध्यादेश किन ल्याइयो ? के यसको उद्देश्य सार्वजनिक हितसँग जोडिएको छ ? के यसले राज्य व्यवस्थापनलाई प्रभावकारी बनाउँछ ? यदि उत्तर सकारात्मक छ भने अध्यादेशलाई केवल राजनीतिक पूर्वाग्रहका आधारमा विरोध गर्नु तर्कसंगत हुँदैन ।

हाल सरकारद्वारा ल्याइएका अध्यादेशहरू हेर्दा तिनको उद्देश्य केवल शक्ति केन्द्रित गर्ने होइन, संरचनात्मक सुधार र सुशासनसँग सम्बन्धित देखिन्छ । सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेश त्यसको प्रमुख उदाहरण हो । नेपालमा लामो समयदेखि सार्वजनिक निकायहरू राजनीतिक नियुक्तिको अखडा बन्दै आएका छन् । सरकार परिवर्तनसँगै राजनीतिक दलहरूले आफ्ना कार्यकर्ता, निकट व्यक्तिहरू वा भागबण्डाका पात्रहरूलाई विभिन्न संस्थामा नियुक्त गर्ने प्रवृत्तिले संस्थागत तटस्थता कमजोर बनाएको छ । सार्वजनिक संस्थाहरू पेशागत दक्षता र निष्पक्षताको आधारमा होइन, राजनीतिक पहुँचको आधारमा सञ्चालन हुन थालेका छन् । यस्तो अवस्थामा राजनीतिक नियुक्तिलाई हटाएर संस्थाहरूलाई व्यावसायिक र उत्तरदायी बनाउने प्रयासलाई लोकतान्त्रिक संस्थागत सुधारका रूपमा बुझिनुपर्छ ।

नेपालको प्रशासनिक संरचनामा राजनीतिकरण गरिनुले गम्भीर समस्या बनेको छ । विश्वविद्यालय, प्रतिष्ठान, बोर्ड, प्राधिकरणदेखि सार्वजनिक संस्थानसम्म दलीय प्रभावले निर्णय प्रक्रियालाई कमजोर बनाएको छ । जब सार्वजनिक संस्था जनताको सेवा भन्दा दलको विस्तार केन्द्र बन्छ, त्यहाँ दक्षता, जवाफदेहिता र परिणाममुखी शासनको अपेक्षा गर्न सकिँदैन । यस पृष्ठभूमिमा राजनीतिक नियुक्ति हटाउने निर्णयलाई संस्थागत स्वायत्तता र क्षमतामा आधारित सरकारी सेवातर्फको कदम मान्नुपर्छ । त्यस्तै, संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमाथि पनि बहस भइरहेको छ । नेपालमा संवैधानिक निकायहरू लामो समयदेखि रिक्त पद, राजनीतिक अवरोध र सहमतिहीनताको समस्याबाट ग्रसित छन् । परिषद्को निर्णय प्रक्रियामा अत्यधिक जटिलता हुँदा आवश्यक नियुक्ति समयमै हुन सकेको छैन । यस्तो अवस्थामा निर्णय प्रक्रिया व्यावहारिक बनाउने उद्देश्यले बहुमतसम्बन्धी व्यवस्थामा परिवर्तन गर्नु स्वतः गलत मान्न मिल्दैन । कुनै पनि कानुनी संरचना यति कठोर हुनु हुँदैन कि त्यसले संस्थालाई नै निष्क्रिय बनाओस् । राज्य संयन्त्र गतिशील हुनुपर्छ र आवश्यकता अनुसार प्रक्रियाहरुलाई पुनर्संरचना गरिनुपर्छ ।

सहकारी ऐन संशोधन अध्यादेश पनि समयसापेक्ष देखिन्छ । पछिल्लो समय नेपालमा सहकारी संकटले हजारौं बचतकर्तालाई प्रत्यक्ष असर गरेको छ । सर्वसाधारणको जीवनभरको कमाइ जोखिममा परेको छ, धेरै परिवार आर्थिक तथा मानसिक संकटमा परेका छन् । यस्तो अवस्थामा समस्याग्रस्त सहकारी नियमन गर्ने, इजाजतपत्र अनिवार्य गर्ने, तथा बचतकर्तालाई राहत उपलब्ध गराउन कोष स्थापना गर्ने व्यवस्था गर्नु सामाजिक न्यायको सवाल पनि हो । संसदको लामो प्रक्रियाको प्रतीक्षा गर्दा पीडित जनताले थप कष्ट भोग्नुपर्ने अवस्था आउन सक्थ्यो । त्यसैले यस्ता परिस्थितिमा अध्यादेश प्रभावकारी हस्तक्षेपको माध्यम बन्न सक्छ ।

सार्वजनिक खरिद ऐन संशोधन पनि सुशासनसँग प्रत्यक्ष जोडिएको विषय हो । नेपालमा विकास निर्माण ढिलाइ, ठेक्का अलपत्र, लागत वृद्धि र मिलेमतोको समस्या लामो समयदेखि सार्वजनिक खरिद प्रणालीसँग गाँसिएको छ । यदि कानुनी जटिलताले विकास प्रक्रियालाई अवरुद्ध बनाइरहेको छ भने त्यसलाई तत्काल सुधार गर्ने दायित्व सरकारको हो । केवल संसद कुर्नुपर्छ भनेर विकास र सेवा वितरण रोकिनु नागरिकप्रति अन्याय हुन्छ ।

अध्यादेशको आलोचना गर्नेहरूले प्रायः यसलाई लोकतन्त्र विरोधी सर्टकट भनेर चित्रण गर्छन् । तर लोकतन्त्र केवल बहसको अनन्त चक्र होइन; लोकतन्त्रको अभ्यास पनि गर्नुपर्छ । नागरिकलाई सेवा, सुरक्षा, न्याय र परिणाम चाहिन्छ । यदि कानुनी अवरोध, ब्युरोक्रेटिक रेड टेपिज्म वा राजनीतिक भागबण्डाले राज्यलाई निष्क्रिय बनाइरहेको छ भने कार्यपालिकाले संविधानले दिएको अधिकार प्रयोग गरेर हस्तक्षेप गर्नु नेतृत्व क्षमता र साहस हो । विश्वका धेरै लोकतान्त्रिक मुलुकहरूमा कार्यपालिका आदेश, डिक्री, अध्यादेश तथा प्रत्यायोजित कानूनको अभ्यास छ । भारतमा राष्ट्रपतिद्वारा अध्यादेश जारी गर्ने संवैधानिक व्यवस्था छ । फ्रान्समा सरकारले अध्यादेश मार्फत तत्काल सुधार लागू गर्न सक्छ । अमेरिकामा एक्जिक्युटिभ अर्डर लामो समयदेखि प्रशासनिक सुधारका माध्यम बनेका छन् । त्यसैले अध्यादेशको अवधारणा कुनै अलोकतान्त्रिक आविष्कार होइन, यो आधुनिक शासनको मान्य औजार हो, जसको वैधानिकता (लेजिटिमेसी) त्यसको प्रयोगको औचित्यमा निर्भर हुन्छ ।

नेपालमा समस्या अध्यादेश होइन, राजनीतिक संस्कार हो । राम्रो उद्देश्यले ल्याइएको अध्यादेशलाई पनि अन्धविरोध गर्ने र आफ्नो पक्षले ल्याउँदा समर्थन गर्ने दोहोरो मापदण्डले लोकतान्त्रिक बहसलाई कमजोर बनाउँछ । यदि सरकारले राजनीतिक नियुक्ति घटाउने, सहकारी पीडितलाई राहत दिने, सार्वजनिक खरिद सुधार गर्ने, संस्थागत निर्णय प्रक्रियालाई व्यवहारिक बनाउने र राज्य संयन्त्रलाई सेवाप्रवाहमुखी बनाउने उद्देश्यले अध्यादेश ल्याएको हो भने त्यसलाई सकारात्मक रूपमा मूल्यांकन गर्नुपर्छ ।

लोकतन्त्रको मापन केवल प्रक्रियाबाट हुँदैन; परिणामबाट पनि हुन्छ । नागरिकले लोकतन्त्रलाई भाषण, नाराबाजी र अन्तहीन प्रक्रिया मार्फत भन्दा पनि आफ्नो जीवनमा आएको सुधारबाट महसुस गर्छन् । जब पासपोर्ट घरमै पुग्छ, सेवा छिटो हुन्छ, भ्रष्ट संरचना कमजोर हुन्छ र संस्थाहरू राजनीतिक हस्तक्षेपबाट मुक्त हुन्छन्, त्यही नै लोकतन्त्रको वास्तविक अनुभूति हो । त्यसैले अध्यादेशलाई समग्र रूपमा गलत भन्नुभन्दा यसको सारवस्तु हेर्न आवश्यक हुन्छ ।

आज नेपाललाई केवल राजनीतिक स्थिरता मात्र होइन, निर्णय गर्ने साहस पनि आवश्यक छ । धेरै सुधारहरू वर्षौंदेखि सही समयको प्रतिक्षामा रोकिएका छन् । त्यो सही समय कहिल्यै आउँदैन, जबसम्म नेतृत्वले जोखिम लिएर निर्णय गर्दैन । सरकारले संविधानले दिएको अधिकार प्रयोग गर्दै सुधारमुखी अध्यादेश ल्याएको छ भने त्यसलाई समर्थन गर्नु लोकतन्त्र विरोधी होइन, बरु उत्तरदायी शासनको पक्षमा उभिनु हो ।

अध्यादेश आफैंमा लोकतन्त्रको शत्रु होइन । यो संविधानभित्रको वैधानिक माध्यम हो, जसलाई जिम्मेवार, पारदर्शी र सार्वजनिक हितमा प्रयोग गरियो भने यसले शासन सुधारको गति बढाउन सक्छ । नेपाल जस्तो संक्रमणकालीन लोकतन्त्रमा, जहाँ संस्थागत जडता, कर्मचारीतन्त्रको प्रतिरोध र राजनीतिक लेनदेनले निर्णय प्रक्रियालाई कमजोर बनाउँछ, त्यहाँ कहिलेकाहीँ अध्यादेश सुधारको उत्प्रेरक बन्न सक्छ । त्यसैले आजको बहस 'अध्यादेश किन ?' मा सीमित हुनुहुँदैन, 'अध्यादेशले जनतालाई के लाभ दिन्छ ?' भन्ने केन्द्रमा आउनुपर्छ । यदि उत्तर सुशासन, पारदर्शिता र सेवा प्रवाह हो भने यस्ता कदमलाई स्वागत गर्न सक्नुपर्छ । अस्तु ॥

# इन्धन खरिदको अर्बौं रुपैयाँ रोकौं ईभी रूपान्तरणको नेपाली मोडेल रोजौं




नेपालमा सवारी साधन प्रयोग दिन प्रतिदिन बढ्दै गएको छ । तर यसको आधार अझै पनि डिजेल र पेट्रोलजस्ता आयातित इन्धनमै निर्भर रहेको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेसँगै नेपालमा पनि यसको प्रत्यक्ष प्रभाव देखिन्छ, जसका कारण साधारण उपभोक्तादेखि व्यावसायिक सवारी सञ्चालन गर्नेहरू सबै आर्थिक दबाबमा परिरहेका छन् । प्रत्येक वर्ष सवारी साधन र इन्धन आयातका लागि अर्बौं रुपैयाँ बिदेसिने अवस्था छ । यसले देशको अर्थतन्त्रमा दीर्घकालीन असर पारिरहेको छ ।

यसका साथै, नेपालमा सवारी साधनमा लाग्ने करको दर पनि उच्च छ । नयाँ गाडी खरिद गर्दा ठुलो रकम खर्चिनुपर्ने हुन्छ भने पुराना गाडी सञ्चालन गर्दा पनि इन्धन, मर्मत, सर्भिस र करको संयुक्त भार अत्यधिक हुन्छ । नेपालको सडक अवस्था अझै पूर्णरूपमा सन्तोषजनक नभएकाले सवारी साधन छिट्टै बिग्रने, पार्टपुर्जा क्षति हुने तथा दुर्घटनाको जोखिम बढ्ने समस्या पनि उत्तिकै गम्भीर छ । यस्तो अवस्थामा बीमा कम्पनीहरूबाट पूर्ण दावी प्राप्त गर्न कठिन हुने, आंशिक मात्र स्वीकृति हुने वा प्रक्रिया ढिलो हुने जस्ता समस्याले उपभोक्तालाई थप आर्थिक मारमा पारिरहेको छ ।

यी सम्पूर्ण पक्षहरूलाई एकसाथ हेर्दा परम्परागत डिजेल तथा पेट्रोल गाडी दीर्घकालीन रूपमा खर्चिलो र चुनौतीपूर्ण विकल्प बन्दै गएको स्पष्ट देखिन्छ । यसै सन्दर्भमा, विद्यमान गाडीलाई नै विद्युतीय सवारी (ईभी) मा रूपान्तरण गर्ने अवधारणा दिगो समाधानका रूपमा अगाडि बढाइएको छ । ईभी रूपान्तरणको अर्थ भनेको गाडीमा रहेको इन्जिन, फ्युल ट्याङ्क, एग्जस्ट प्रणाली जस्ता भागहरू हटाएर त्यसको सट्टा इलेक्ट्रिक मोटर, उच्च भोल्टेज ब्याट्री, कन्ट्रोलर र चार्जिङ प्रणाली जडान गर्नु हो ।

ईभीमा रूपान्तरण भएपछि सवारी साधन सञ्चालन खर्चमा उल्लेखनीय कमी आउँछ । इन्धनको सट्टा बिजुली प्रयोग हुने भएकाले खर्च धेरै कम हुन्छ, र मर्मत तथा सर्भिसका लागि पनि कम खर्च लाग्छ किनभने इलेक्ट्रिक सवारीमा चलायमान पार्टहरूको सङ्ख्या न्यून हुन्छ । वातावरणीय दृष्टिले पनि ईभी अत्यन्त लाभदायक हुन्छ, किनकि यसले धुवाँ उत्पादन गर्दैन र कार्बन उत्सर्जन घटाउँछ । नेपाल जस्तो जलविद्युतको क्षेत्रमा अत्यधिक सम्भावना भएको देशका लागि यो झनै महत्त्वपूर्ण हुन आउँछ । स्वदेशमै उत्पादित ऊर्जाको अधिकतम उपयोग गर्न सकिन्छ । विशेषगरी, ईभी प्रायः रातको समयमा बढी चार्ज हुने भएकाले, पिक आवरभन्दा अफ-पिक आवरमा विद्युतीय सवारीका लागि विद्युत् शुल्कमा थप सहुलियत दिने नीति लागू गर्न सकिएमा ऊर्जा व्यवस्थापन अझ प्रभावकारी बन्नुका साथै ईभी प्रयोगलाई थप प्रोत्साहन मिल्नेछ । तर, ईभी रूपान्तरण जति आकर्षक देखिन्छ, यसको कार्यान्वयन त्यति नै चुनौतीपूर्ण पनि छ ।

### नीतिगत अस्पष्टता

ईभी रूपान्तरणको सबैभन्दा ठुलो चुनौती नेपालमा स्पष्ट र व्यवहारिक नीतिगत व्यवस्था नहुनु हो । हालको अवस्थामा डिजेल तथा पेट्रोल गाडीलाई ईभीमा रूपान्तरण गरेपछि त्यसको पुनः दर्ता कसरी गर्ने, ब्लुबुकमा प्राविधिक विवरण कसरी अद्यावधिक गर्ने र कर तथा राजस्व संरचना कस्तो हुने भन्ने विषयमा सम्बन्धित निकायहरूबाट स्पष्ट भइसकेको छैन । हाल प्रयोगमा रहेको ब्लु बुकलाई ईभी गाडी वा रूपान्तरण गरिएको ईभी गाडीका लागि 'ग्रीन बुक' नामकरण गरी छुट्टै पहिचान प्रणाली बनाउनु पर्ने होला ।

नेपालमा सवारी दर्ता, नवीकरण तथा नियमन सम्बन्धी प्रक्रिया परम्परागत प्रणालीमा आधारित भएकाले नयाँ प्रविधिलाई समेट्ने गरी कानुनी र प्रशासनिक सेवालाई खुकुलो बनाउनु पर्ने आवश्यकता छ । किनभने नीतिगत अन्योलताले निजी क्षेत्र, अटो वर्कसप, तथा सम्भावित लगानीकर्तालाई जोखिमपूर्ण वातावरण महसुस गराउँछ । स्पष्ट कानुनी आधार नभएसम्म उनीहरू दीर्घकालीन लगानी गर्न हिच्किचाउँछन्, जसले गर्दा यो क्षेत्र औपचारिक र व्यवस्थित रूपमा विकास हुन सकिरहेको छैन । यदि समयमै स्पष्ट नीति, मापदण्ड र कार्यविधि तयार नगर्ने हो भने, ईभी रूपान्तरण अनौपचारिक र अव्यवस्थित रूपमा फैलिने जोखिम रहन्छ ।

### प्राविधिक दक्षताको अभाव

ईभी रूपान्तरणका लागि उच्च भोल्टेज प्रणाली, ब्याट्री व्यवस्थापन प्रणाली, मोटर कन्ट्रोल युनिट, वायरिङ सुरक्षा तथा सम्पूर्ण सेफ्टी प्रोटोकलको गहिरो प्राविधिक ज्ञान आवश्यक पर्छ । तर, नेपालमा यस क्षेत्रमा विशेष रूपमा दक्ष इन्जिनियर, प्रशिक्षित टेक्निसियन तथा प्रमाणित जनशक्तिको सङ्ख्या अझै सीमित छ । परिणामस्वरूप रूपान्तरण कार्यमा गुणस्तरको एकरूपता नहुनु, प्राविधिक त्रुटि हुने सम्भावना बढ्नु तथा दीर्घकालीन विश्वसनीयता र सुरक्षा चुनौतीमा पर्न सक्ने अवस्था देखिन्छ ।

यो समस्या समाधानका लागि तालिम कार्यक्रम, अन्तर्राष्ट्रिय स्तरसँग मेल खाने प्रमाणपत्र प्रणाली, तथा प्राविधिक शिक्षामा ईभी केन्द्रित पाठ्यक्रम विकास र लगानी अत्यन्त आवश्यक देखिन्छ । हाल निजी तथा संस्थागत वर्कशपहरूमा कार्यरत ईभी प्राविधिक जनशक्तिलाई उनीहरूको प्रशिक्षण, प्रमाणपत्र र अनुभवका आधारमा लागत संकलन, मूल्यांकन तथा प्रमाणीकरण गर्ने व्यवस्था भएमा ईभी रूपान्तरण कार्य अझ व्यवस्थित, विश्वसनीय र गुणस्तरीय हुने देखिन्छ ।

### पूर्वाधार र उपकरणको अभाव

ईभी रूपान्तरणका लागि आवश्यक अत्याधुनिक उपकरणहरू जस्तै हाई भोल्टेज टेस्टिङ डिभाइस, इन्सुलेशन रेसिस्टेन्स टेस्टर, ब्याट्री डायग्नोस्टिक तथा क्यालिब्रेसन टूल, र सेफ्टी

बाँकी पृष्ठ ३ मा...

## रोल्पा घटनाको तीन दिनपछि

# प्रधानमन्त्री कार्यालयले भन्यो, सिंगो देश शोकमग्न




काठमाडौं : २० जनाको मृत्यु भएको रोल्पा जिप दुर्घटनाको तीन दिनपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दुःख व्यक्त गरेको छ। शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता सह-सचिव हेमराज अर्यालले एक प्रेस विज्ञप्ति सार्वजनिक गरेर कार्यालयको धारणा सार्वजनिक गरेका हुन् ।

'मिति २०८३ वैशाख १७ गते दिउँसो करिब २:५० बजे रोल्पाको थवाङ गाउँपालिका-१, सल्यापमा २० जना नागरिकको ज्यान जाने गरी भएको जिप दुर्घटनाले सिङ्गो राष्ट्रलाई शोकमग्न बनाएको छ,' विज्ञप्तिमा भनिएको छ, 'यस हृदयविदार दुर्घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र स्थानीय बासिन्दाहरूको सक्रियतामा तत्काल उद्धारलाई तीव्रता दिइएको थियो ।'

घटनाको सूक्ष्म छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)कै नेतृत्वमा रहेको गृह मन्त्रालयले तत्कालै लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षकको संयोजकत्वमा ४ सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ । 'छानबिन समिति गठन भएलगत्तै गृहमन्त्रालयले सोही दिन आधिकारिक प्रेस विज्ञप्ति जारी गरी घटनाको विस्तृत विवरण प्रस्तुत गर्दै मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको थियो,' विज्ञप्तिमा अगाडि भनिएको छ ।

यस्तै छानबिन समितिलाई दिइएको तीन दिनको समय आजै सकिन लागेको पनि विज्ञप्तिमा उल्लेख छ । 'समितिको प्रतिवेदन प्राप्त हुनासाथ त्यसका निष्कर्ष र सुझावहरूलाई तत्काल कार्यान्वयनमा लैजान तथा देशभरकै सडक सुरक्षा प्रणालीमा आवश्यक नीतिगत र संरचनागत सुधार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पूर्ण प्रतिवद्ध छ,' विज्ञप्तिमा भनिएको छ ।

सडक दुर्घटना नागरिकको जीवन र परिवारको भविष्यसँग जोडिएको अत्यन्तै गम्भीर विषय भएकोले यसमा देखिएका प्राविधिक तथा मानवीय कमजोरी सुधार्न कार्यालय दृढताका साथ अघि बढ्ने प्रतिबद्धता विज्ञप्तिमा उल्लेख छ । 'यस दुःखको घडीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुनः मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ,' विज्ञप्तिमा भनिएको छ। *स्रोत : अनलाइनखबर ।*

# बालमैत्री स्थानीय शासनसम्बन्धी समीक्षा

समाज संवाददाता

हेटौंडा: सिविन नेपालको आयोजना तथा जिल्ला समन्वय समिति मकवानपुरको समन्वयमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम भएको छ । बालमैत्री शासनयुक्त स्थानीय तह घोषणापश्चातका उपलब्धि तथा चुनौतीका विषयमा सरोकारवालाबीच छलफल भएको हो ।

बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा भएपछि बालबालिकामा के-के उपलब्धि भए र घोषणा पश्चात दीगोपनका लागि के कति लगानी भयो भन्ने विषयमा प्रदेशस्तरीय बालमैत्री स्थानीय शासन घोषणा समितिका सदस्य अच्यूतप्रसाद उपाध्यायले कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रमा बालमैत्री स्थानीय शासन घोषणाका कानुनी आधार, बालमैत्री शासनयुक्त स्थानीय पालिका घोषणा प्रक्रिया, प्रमुख उपलब्धिहरु, सामाजिक सुधार, मुख्य चुनौतीहरु, सामाजिक चुनौती तथा सुधारका उपायहरु समेटिएको थियो ।

सबै सामुदायिक विद्यालयमा निःशुल्क आधारभूत शिक्षा नीति लागू, छात्रवृत्ति कार्यक्रम, बालमैत्री विद्यालय अभियान, विद्यालय भर्ना दर वृद्धि, बाल मृत्युदरमा कमीजस्ता उपलब्धिलाई कार्यपत्रमा उल्लेख गरिएको छ । पालिकास्तरमा डाटा बैंक स्थापना, सूचकहरुको स्थानीयकरण प्रभावकारी कार्यान्वयन, रणनीतिक योजना/लगानी योजना कार्यान्वयन, लगानी योजना अनुसार बजेट वृद्धि, योजनाको प्राथमिकीकरण, अन्तर निकाय समन्वय सुदृढीकरणलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ।

हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका शाखाकी अधिकृत भगवती रिमाल, मकवानपुरगढी गाउँपालिकाको बालकल्याण अधिकारी सावित्री गौतम र बकैया गाउँपालिकाको बालकल्याण अधिकारी होमकुमारी सञ्जेलले बालमैत्री घोषणा पश्चातका उपलब्धि एवम् चुनौतीका विषयमा आफ्नो पालिकाबाट भए गरेका कार्य तथा दीगोपनको बारेमा प्रस्तुति गर्नुभएको थियो। कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाको महिला, बालबालिका महाशाखा निर्देशक विष्णुकुमारी लामिछानेले बालमैत्री स्थानीय शासन घोषणाको क्रममा हेटौँडा उपमहानगरपालिकाले ५१ वटै सूचकमा राम्रोसँग काम गरेको र दीगोपनको लागि अझै लगानीलाई निरन्तरता दिनुपर्ने र केहि सूचकहरु अव्यवहारिक भएकोले त्यसलाई पुनर्विचार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा मुख्यमन्त्री कार्यालय, प्रदेश नीति तथा योजना आयोग, कानुन तथा आन्तरिक मामिला मन्त्रालय, श्रम तथा रोजगार कार्यालयका प्रतिनिधिहरु, जनप्रतिनिधि, गैरसरकारी तथा बालसञ्जालका प्रतिनिधिको सहभागिता रहेको सिविन नेपालका प्रबन्धक झविन्द्र ज्ञवालीले बताउनुभयो ।

कार्यक्रमको सभाध्यक्ष सिविन नेपाल केन्द्रीय कार्यालयका कार्यकारी निर्देशक कुमार भट्टराईले गर्नुभएको थियो । प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख ललित घलान हुनुहुन्थ्यो । बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री र हेटौँडा उपमहानगरपालिकाको ११ नम्बर वडा अध्यक्ष जुना दाहालको विशिष्ट आतिथ्य थियो ।

## सडक दुर्घटनाबाट बर्सेनि ३ हजारको मृत्यु

# ५० प्रतिशत मोटरसाइकलमा सवार र चालक

काठमाडौं : नेपालमा सडक दुर्घटनाको अवस्था भयावह बन्दै गएको तथ्य सार्वजनिक भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले हालै सार्वजनिक गरेको 'यातायात सुधार सुझाव कार्यदल, २०८०' को प्रतिवेदनले नेपालमा बर्सेनि करिब ३ हजार नागरिकले सडक दुर्घटनामा ज्यान गुमाउने गरेको डरलाग्दो तथ्यांक प्रस्तुत गरेको छ ।

पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा गठित विज्ञ कार्यदलको प्रतिवेदन अनुसार सडक दुर्घटनामा ज्यान गुमाउनेमध्ये ५० प्रतिशतभन्दा बढी मोटरसाइकल लगायत दुईपाङ्ग्रे सवारीका चालक र सवार रहेका छन् । दुर्घटनाको यो बढ्दो दरलाई न्यूनीकरण गर्न कार्यदलले नीतिगत र व्यवहारिक सुधारका कडा कदमहरू चाल्न सरकारलाई सुझाव दिएको छ।

साथै सडक निर्माणकै चरणमा हुने प्राविधिक त्रुटिका कारण धेरै दुर्घटना हुने गरेको औँल्याउँदै प्रतिवेदनले अबदेखि सडक निर्माण गर्दा अनिवार्य 'सडक सुरक्षा परीक्षण' (रोड सेफ्टी अडिट) लागू गर्नुपर्ने प्रस्ताव गरेको छ । यस्तै, लामो दूरीका सवारी साधनहरूमा हुने दुर्घटना रोक्न चालकको ड्युटी समय र आरामको विषयलाई कडा रूपमा नियमन गर्नुपर्नेमा कार्यदलले जोड दिएको छ ।




नेपालमा दुर्घटना हुनासाथ सत्यतथ्य नबुझी 'जसको ठुलो गाडी, उसकै गल्ती' मान्ने र हुलहुज्जतका आधारमा सडक बन्द गरेर क्षतिपूर्ति असुल्ने गलत संस्कृति विकास भएको प्रतिवेदनमा उल्लेख छ । कार्यदलले यस्तो प्रवृत्तिको कडा आलोचना गर्दै दुर्घटनाको अनुसन्धानमा 'वैज्ञानिक प्रणाली' लागू गर्न सुझाव दिएको छ । हुलहुज्जतका आधारमा नभई प्राविधिक र वैज्ञानिक तथ्यका आधारमा दोषी पत्ता लगाउने संयन्त्र बनाउनुपर्ने प्रतिवेदनको निष्कर्ष छ ।

यसैगरी विद्यमान तेस्रो पक्ष बीमामा रहेका त्रुटिपूर्ण व्यवस्थाले पीडितले न्याय नपाउने र यातायात क्षेत्रमा विवाद बढ्ने गरेको भन्दै कार्यदलले यसलाई परिमार्जन गर्न भनेको छ । सडक दुर्घटनाका पीडितको उचित व्यवस्थापन र क्षतिपूर्तिका लागि हालको व्यवस्थालाई बदलेर 'सार्वजनिक यातायात बीमा नीति' नामक छुट्टै र प्रभावकारी व्यवस्था लागू गर्न सरकारलाई सिफारिस गरिएको छ।

तत्कालीन यातायात मन्त्री नारायणकाजी श्रेष्ठको पालामा २०७९ फागुन ११ गते गठित यो कार्यदलले नेपालको यातायात क्षेत्रलाई व्यवस्थित बनाउन लाइसेन्स, सार्वजनिक यातायात, प्रदूषण नियन्त्रण र दुर्घटना न्यूनीकरण लगायतका ७ मुख्य भागमा वर्गीकरण गरेर सुधारका योजनाहरू अघि सारेको हो । कार्यदलले दिएका यी सुझावहरू कार्यान्वयन भएमा नेपालको सडक यात्रा सुरक्षित र मर्यादित हुने विश्वास गरिएको छ ।

# विद्यार्थीको स्वागत तथा बिदाई

समाज संवाददाता

हेटौँडा: हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको विद्यार्थीहरूका लागि स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न भएको छ। शनिबार क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को आयोजनामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा क्याम्पसमा नवआगन्तुक स्नातक प्रथम वर्षका विद्यार्थीहरूलाई स्वागत र २०७८ सालमा भर्ना भई हाल स्नातक चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई बिदाई गरिएको हो। कार्यक्रममा विद्यार्थीहरुले गायन र नृत्य प्रस्तुत गरेका थिए।

स्ववियु सभापति प्रसिद्ध रेग्मीको सभाध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्त पौडेलको प्रमुख आतिथ्य थियो । कार्यक्रममा विशिष्ट अतिथिका रूपमा क्याम्पस प्रमुख डा.यमबहादुर सिलवाल र सहायक क्याम्पस प्रमुख उत्तम अर्यालको उपस्थिति रहेको थियो ।

# इन्धन खरिदको...

सिमुलेसन उपकरणहरू नेपालमा सहज रूपमा उपलब्ध छैनन् वा सीमित मात्रामा मात्र पाइन्छन् । साथै, उच्च भोल्टेज प्रणालीसँग सुरक्षित रूपमा काम गर्न मिल्ने मानक वर्कसप संरचना, जस्तै इन्सुलेटेड टुल्स, अर्थिङ सिस्टम, फायर सेफ्टी व्यवस्था र एचभी सेफ्टी जोन भएको कार्यशाला, पर्याप्त रूपमा विकास भएको छैन ।

यी आधारभूत पूर्वाधार र उपकरण बिना ईभी रूपान्तरण कार्यलाई सुरक्षित, विश्वसनीय र व्यावसायिक स्तरमा विस्तार गर्न कठिन हुन्छ। त्यसैले सरकारी तथा निजी क्षेत्रको सहकार्यमा आधुनिक उपकरण आपूर्ति, ईभी विशेष वर्कसप विकास र सेफ्टी स्ट्यान्डर्ड लागू गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

## परीक्षण र प्रमाणीकरण प्रणालीको कमी

रूपान्तरण गरिएको सवारी सुरक्षित छ वा छैन भन्ने सुनिश्चित गर्न परीक्षण र प्रमाणिकरण अत्यावश्यक हुन्छ । तर नेपालमा हालसम्म ईभी रूपान्तरणका लागि छुट्टै मापदण्ड, परीक्षण प्रक्रिया वा मान्यता प्राप्त परीक्षण केन्द्रहरूको पर्याप्त विकास भएको छैन । यसले उपभोक्ताको विश्वास घटाउने र दुर्घटनाको जोखिम बढाउने सम्भावना रहन्छ ।

अर्को महत्त्वपूर्ण र केही हदसम्म विरोधाभासपूर्ण अवस्था के देखिन्छ भने, हाल आयात भइरहेका ईभी तथा परम्परागत आईसीई सवारीहरूको परीक्षण अझै पनि परम्परागत विधिबाटै गरिँदै छ । विशेषगरी, आयात गरिएका सवारीसाधनहरूको प्रमाणीकरण प्रक्रियामा यातायात व्यवस्था विभाग अन्तर्गतका सम्बन्धित निकायका इन्जिनियरहरूले काठमाडौं वरपरका उकालो-ओरालो सडकमा गाडीले कति तान्छ भन्ने आधारमा शक्ति मूल्याङ्कन गर्ने परम्परागत अभ्यास अपनाउँदै आएका छन् ।

यो आधुनिक ईभी प्रविधिको सन्दर्भमा अपर्याप्त र गैर-वैज्ञानिक ठहरिन्छ। तर ईभी सवारीको हकमा यो विधि पर्याप्त र उपयुक्त मानिँदैन। ईभीमा मोटरको 'पेक पावर', टर्क वितरण, तथा इलेक्ट्रोनिक कन्ट्रोल प्रणालीको कार्यक्षमता जाँच गर्न विशेष उपकरण र वैज्ञानिक परीक्षण विधि आवश्यक पर्छ, जुन हाल उपलब्ध छैन वा प्रयोगमा आएको छैन । यस कारण, हाल ईभी आयातकर्ताहरूले समेत प्राविधिक र कानुनी अन्यौलता झेल्नुपरेको छ। सवारी साधन वास्तवमै निर्धारित मापदण्डअनुसार छ वा छैन भन्ने प्रमाणित गर्न व्यवस्थित, आधुनिक र मान्यता प्राप्त परीक्षण केन्द्रको अभाव गम्भीर समस्या बनेको छ ।

त्यसैले, अन्तर्राष्ट्रिय मापदण्डअनुसार परीक्षण गर्न सक्ने, प्रविधि-मैत्री र विश्वसनीय परीक्षण तथा प्रमाणीकरण केन्द्रको स्थापना अत्यन्त आवश्यक देखिन्छ । यसले न केवल उपभोक्ताको विश्वास बढाउँछ, तर सम्पूर्ण ईभी इकोसिस्टमलाई व्यवस्थित र सुरक्षित रूपमा अगाडि बढाउन महत्वपूर्ण आधार तयार गर्छ ।

## उत्पादक कम्पनीको भूमिका

ईभी रूपान्तरणको क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील पक्ष कानुनी जटिलता तथा सवारी उत्पादक कम्पनीहरूको भूमिका हो । नेपालमा धेरैजसो सवारी साधनहरू भारतलगायत अन्य देशबाट आयात हुने भएकाले ती गाडीहरू सम्बन्धित कम्पनीहरूले बनाएको मूल डिजाइन, इन्जिन संरचना र सुरक्षा मापदण्ड अनुसार नै प्रयोग गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गाडीलाई आईसीईबाट ईभीमा रूपान्तरण गर्दा मूल डिजाइनमा परिवर्तन हुने भएकाले ओइएम कम्पनीहरूले यसलाई आधिकारिक रूपमा मान्यता नदिन सक्ने सम्भावना रहन्छ ।

त्यस्तै, सवारीको सुरक्षा मापदण्ड प्रभावित हुन सक्छ र अन्तर्राष्ट्रिय रूपमा स्वीकृत टाइप अप्रुभल प्रक्रिया पनि चुनौतीपूर्ण बन्न सक्छ । रूपान्तरणपछि गाडीको वारेन्टी स्वतः समाप्त हुने अवस्था पनि सामान्य रूपमा देखिन्छ, जसले प्रयोगकर्ताको जोखिम बढाउँछ । साथै, दुर्घटना वा प्राविधिक समस्या आएमा जिम्मेवारी कसको हुने भन्ने विषय अझै स्पष्ट नहुनु कानुनी रूपमा ठुलो चुनौती हो ।

नेपालको सन्दर्भमा, धेरै गाडीहरू भारतबाट आउने भएकाले भारतीय मापदण्ड र ओइएम नियमहरू अप्रत्यक्ष रूपमा प्रभाव पार्ने अवस्था हुन्छ । यदि ईभी रूपान्तरणलाई स्पष्ट कानुनी ढाँचाभित्र समेटिएन भने दर्ता प्रक्रिया, बीमा व्यवस्था र रोड फिटनेस प्रमाणिकरणमा समेत जटिलता आउन सक्छ। त्यसैले ईभी रूपान्तरणलाई सुरक्षित र व्यवस्थित बनाउन सरकारले स्पष्ट कानुनी निर्देशिका तयार गर्नु, रूपान्तरणपछि पुनः दर्ता र बीमाको प्रक्रिया स्पष्ट गर्नु, तथा ओइएम, सरकार र रूपान्तरण गर्ने वर्कशपबीच जिम्मेवारी र दायित्व स्पष्ट रूपमा निर्धारण गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

## रूपान्तरणका लागि उपयुक्त सवारीको छनोट

ईभी रूपान्तरण सबै प्रकारका सवारी साधनका लागि उपयुक्त हुँदैन, विशेषगरी नेपालको सन्दर्भमा सडक अवस्था, सवारीको आयु र प्रयोगको प्रकृति फरक-फरक हुने भएकाले सही गाडी छनोट गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । पुराना वा कमजोर च्यासिस भएका सवारी, अत्यधिक जंग लागेको संरचना भएका गाडी, वा पहिले नै धेरै मर्मत भइसकेका सवारीहरूलाई ईभीमा रूपान्तरण गर्दा सुरक्षा र दीर्घकालीन विश्वसनीयतामा समस्या आउन सक्छ ।

नेपालको सन्दर्भमा ईभी रूपान्तरण केवल प्रविधि परिवर्तन मात्र होइन, यो आर्थिक बचत, ऊर्जा सुरक्षा र वातावरणीय सुधारसँग प्रत्यक्ष जोडिएको महत्त्वपूर्ण अभियान हो । नेपालले ठुलो मात्रामा इन्धन आयात गर्नुपर्ने अवस्था भएकाले पेट्रोलियम पदार्थमा हुने खर्च देशको अर्थतन्त्रमा ठुलो भारको रूपमा देखिन्छ ।

त्यसैगरी, सवारीको उमेर, संरचनागत मजबुती, तौल वितरण र हालसम्मको प्रयोगको अवस्था जस्ता प्राविधिक पक्षहरूलाई गम्भीर रूपमा मूल्यांकन गर्न आवश्यक हुन्छ । नेपालको पहाडी भौगोलिक अवस्था र सडकको उतार-चढावलाई समेत ध्यानमा राख्दा, हरेक सवारी भ्ख् रूपान्तरणका लागि उपयुक्त नहुन सक्छ । यसका लागि सरकारले स्पष्ट प्राविधिक मापदण्ड तयार गर्नु आवश्यक छ । यसले कुन प्रकारका सवारी साधनहरू सुरक्षित रूपमा ईभीमा रूपान्तरण गर्न सकिन्छ भन्ने निर्धारण गर्छ । यसले रूपान्तरण प्रक्रियालाई व्यवस्थित, सुरक्षित र दीर्घकालीन रूपमा टिकाउ बनाउन महत्वपूर्ण भूमिका खेल्छ ।

## प्रोत्साहनको आवश्यकता

नेपालमा ईभी रूपान्तरणलाई व्यवस्थित, सुरक्षित र दीर्घकालीन रूपमा सफल बनाउन सरकारको स्पष्ट र सक्रिय भूमिका अत्यन्त आवश्यक हुन्छ । यदि सरकारले समयमै स्पष्ट नीति निर्माण गर्न सकेको खण्डमा रूपान्तरण क्षेत्रलाई औद्योगिक स्तरमा विस्तार गर्न सहज हुन्छ । त्यस्तै, प्राविधिक मापदण्ड निर्धारण गरी सबै रूपान्तरण कार्यलाई एउटै गुणस्तर र सुरक्षा स्तरमा ल्याउन सकिन्छ ।

साथै, रूपान्तरण गरिएका सवारीको परीक्षण तथा प्रमाणीकरण प्रणाली स्थापना गर्नु आवश्यक छ, जसले सडकमा चल्ने प्रत्येक रूपान्तरित ईभी सुरक्षित छ भन्ने सुनिश्चित गर्छ। यसले उपभोक्ताको विश्वास बढाउने मात्र होइन, दुर्घटनाको जोखिम पनि घटाउँछ। सरकारले कर छुट, अनुदान, वा अन्य वित्तीय प्रोत्साहन कार्यक्रम लागू गर्न सकेमा निजी क्षेत्र र वर्कशपहरूको लगानी आकर्षित हुन्छ र ईभी रूपान्तरण व्यावसायिक रूपमा दिगो बन्न सक्छ ।

यस्ता पहलहरूले केवल सवारी साधनको रूपान्तरण मात्र होइन, नयाँ रोजगारी सिर्जना, स्थानीय प्रविधि विकास, र अन्तर्राष्ट्रिय स्तरको प्रविधि हस्तान्तरणमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँछ। अन्ततः, उचित सरकारी सहयोगले ईभी रूपान्तरणलाई नेपालमा हरित अर्थतन्त्रतर्फको महत्वपूर्ण कदम बनाउन सक्छ ।

## आर्थिक र वातावरणीय लाभ

नेपालको सन्दर्भमा ईभी रूपान्तरण केवल प्रविधि परिवर्तन मात्र होइन, यो आर्थिक बचत, ऊर्जा सुरक्षा र वातावरणीय सुधारसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण अभियान हो । नेपालले ठुलो मात्रामा इन्धन आयात गर्नुपर्ने अवस्था भएकाले पेट्रोलियम पदार्थमा हुने खर्च देशको अर्थतन्त्रमा ठुलो भारको रूपमा देखिन्छ । ईभी रूपान्तरण विस्तार भएमा इन्धन आयातमा उल्लेखनीय कमी आउँछ, जसले देशको विदेशी मुद्रा बचतमा प्रत्यक्ष सहयोग पुर्‍याउँछ ।

उपभोक्ता स्तरमा हेर्दा पनि ईभी रूपान्तरण निकै लाभदायक हुन्छ । इन्धन खर्च मात्र होइन, नियमित मर्मत खर्च पनि उल्लेखनीय रूपमा घट्ने भएकाले दीर्घकालीन रूपमा सवारी सञ्चालन लागत धेरै कम हुन्छ। नेपालजस्तो इन्धन मूल्य अत्यधिक संवेदनशील बजारमा यो परिवर्तन अझै प्रभावकारी देखिन्छ । यससँगै, इन्धन, मर्मत तथा करमा हुने बचतले उपभोक्ताको हातमा अतिरिक्त आर्थिक बचत उपलब्ध हुन्छ । यो बचत केवल खर्च घटाउने मात्र नभई उत्पादनशील क्षेत्रमा लगानी गर्ने अवसर पनि बन्न सक्छ। उपभोक्ताले उक्त रकम साना व्यवसाय, शिक्षा, कृषि वा अन्य आय-आर्जनका गतिविधिमा लगानी गर्न सक्ने भएकाले व्यक्तिगत आर्थिक अवस्थामा पनि सकारात्मक प्रभाव पर्छ ।

यसरी हेर्दा, ईभी रूपान्तरणले व्यक्तिगत स्तरमा आर्थिक राहत दिने मात्र होइन, बचत भएको पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सहयोग पुर्‍याउँछ । यसले अन्ततः राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दै आन्तरिक लगानी वृद्धि, रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारमा समेत योगदान पुर्‍याउन सक्छ। यसका साथै, ईभी रूपान्तरणले नेपाललाई आयातमुखी इन्धन निर्भरता घटाउँदै ऊर्जा आत्मनिर्भरतातर्फ अघि बढ्न सहयोग पुर्‍याउँछ । जलविद्युत् उत्पादनको सम्भावना उच्च भएको देशमा विद्युत् प्रयोग बढ्दा आन्तरिक ऊर्जा उपयोग पनि प्रभावकारी रूपमा बढ्छ । यसरी हेर्दा, ईभी रूपान्तरण आर्थिक रूपमा मात्र होइन, वातावरणीय र र णनीतिक दृष्टिले पनि नेपालका लागि दीर्घकालीन रूपमा अत्यन्त लाभदायक विकल्प बन्न सक्छ ।

## दीर्घकालीन रूपान्तरणको अवसर

डिजेल तथा पेट्रोल सवारी साधनलाई ईभीमा रूपान्तरण गर्नु केवल प्रविधिको परिवर्तन मात्र होइन, यो नेपालको आर्थिक, वातावरणीय र नीतिगत रूपान्तरणसँग जोडिएको दीर्घकालीन अवसर हो । यदि सही रणनीति, स्पष्ट नीति र सरकार-निजी क्षेत्र-प्राविधिक संस्थाबिचको सहकार्यमा यो प्रक्रिया अघि बढाइयो भने नेपालको यातायात प्रणालीलाई अझ दिगो, आधुनिक र आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुग्न सक्छ ।

अन्त्यमा भन्नुपर्दा, ईभी रूपान्तरण नेपालका लागि केवल एउटा प्रविधि परिवर्तन होइन, यो खर्च घटाउने बाटो मात्र होइन, आर्थिक सोच बदल्ने क्रान्ति पनि हो। अहिले इन्धनमा बगिरहेको ठुलो रकम यदि देशमै बचत हुन थाल्यो भने त्यो पैसा बाहिर नजाने मात्र होइन, देशभित्रै घुम्न थाल्छ–साना व्यवसाय, कृषि, शिक्षा र नयाँ स्टार्टअपहरूमा लगानी हुने सम्भावना बढ्छ। त्यसैले एकैपटक सबै सवारीलाई रूपान्तरण गर्न अनुमति दिनुभन्दा पनि 'स्मार्ट फेज्ड एप्रोच' अपनाउनु आजको आवश्यकता हो। पहिले सहर केन्द्रित बस, ट्याक्सी र छोटो दूरीका सार्वजनिक सवारीबाट सुरु गर्ने हो भने प्रदूषण घट्ने मात्र होइन, यसको प्रभाव तुरुन्त देखिन थाल्छ । त्यसपछि मात्र सवारीको उमेर, अवस्था र प्राविधिक मूल्यांकनका आधारमा निजी सवारीमा विस्तार गर्दै जानु बुद्धिमानी हुन्छ ।

नेपालले अहिले नै सही नीति, स्पष्ट मापदण्ड र व्यवहारिक कार्यान्वयन मोडेल बनायो भने ईभी रूपान्तरण भविष्यको कुरा होइन–आजकै आवश्यकता हो । यो केवल गाडी परिवर्तन होइन, नेपाललाई इन्धन निर्भर राष्ट्रबाट ऊर्जा-आत्मनिर्भर र हरित अर्थतन्त्रतर्फ लैजाने 'गेम चेन्जर अवसर' बन्न सक्छ। स्रोत : रातोपाटी ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




Contact : 9807171993/9741681458 TCN Road-10

नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

## बागमती गोल्ड कप-२०८३

# चित्लाङ एफसीले एपीएफ क्लबलाई हरायो




शनिबारको खेलमा बल नियन्त्रणमा लिने प्रयास गर्दै खेलाडी ।

**समाज संवाददाता**

हेटौंडा : काठमाडौंको चित्लाङ एफसीले मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा जीत निकालेको छ । शनिबार बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको खेलमा चित्लाङले विभागीय टोली एपीएफलाई २-१ गोलले हराएको छ ।

चित्लाङका लागि विदेशी खेलाडी सोलोमन किङले खेलको ११ औं मिनेटमा पेनाल्टीमार्फत र एरोन थापाले दोस्रो हाफको ६० औं मिनेटमा एक-एक गोल गरे । एपीएफका बुद्धिमान राईले ४७ औं मिनेटमा एक गोल फर्काए । प्लेयर अफ दि म्याच चित्लाङका लक्ष्मण थापा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । चित्लाङले अब मछिन्द्रसँग सेमिफाइनल प्रवेशका लागि मंगलबार खेल्नेछ । मछिन्द्र समूह 'बी'बाट बाई पाएको हो । मछिन्द्र बागमती गोल्डकपको छैठौं संस्करणको विजेता र सातौं संस्करणको उपविजेता टोलीसमेत हो ।

प्रतियोगिता अन्तर्गत आइतबार सातौं संस्करणको विजेता चर्च ब्वाइज र सर्लाहीको बागमती युथबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउने छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## प्रशासनको...

तर हामी जस्ता सर्वसाधारण घण्टौं लाइनमा बसिरहनुपर्छ,' सेवाग्राहीको गुनासो छ ।

पछिल्लो समय डिजिटल प्रणालीमार्फत सेवाप्रवाह गर्ने क्रम बढे पनि स्थानीय तह र जिल्ला प्रशासन कार्यालयबिचको समन्वय अभावले सेवाग्राही मर्कामा परेका छन् । व्यक्तिगत विवरण र सिफारिसहरू स्थानीय तहले अनलाइन प्रणालीमा अद्यावधिक गर्नुपर्ने भए पनि समयमै विवरण नपठाइदिँदा जिल्ला प्रशासन कार्यालयमा आएर काम रोकिने गरेको हो । प्राय: सबै विवरण अनलाइनमा अद्यावधिक हुनुपर्ने प्रावधानका कारण स्थानीय तहका कर्मचारीले समयमै डाटा इन्ट्री नगरिदिँदा जिल्ला प्रशासनमा पुगेका सेवाग्राहीले कुर्नुपर्ने वा फर्किनुपर्ने अवस्था सिर्जना भएको छ ।

सेवाग्राहीहरूले स्थानीय तह र जिल्ला प्रशासनबिचको प्राविधिक समन्वयलाई चुस्त बनाउन माग गरेका छन् । प्रशासनको आन्तरिक सुधारलाई संस्थागत गर्दै पहुँचवालाको प्रभाव अन्त्य र स्थानीय तहसँगको डिजिटल समन्वय प्रभावकारी बनाउन सके अझै राम्रो हुनसक्ने उनीहरुले बताएका छन् ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

# शारदासँग बदला लिँदै जीएसलाई भलिबलको उपाधि



उपाधिसाथ जीएस निकेतनको शिक्षक भलिबल टिम ।

**समाज संवाददाता**

हेटौंडा : छैठौं संस्करणको जिल्लास्तरीय शिक्षक भलिबलको उपाधि हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतनले जितेको छ । मकवानपुरगढी-५ स्थित शारदा माध्यमिक विद्यालयसँग गत वर्ष बदला लिँदै जीएस निकेतनले उपाधि जितेको हो । गत वर्ष भएको पाँचौं संस्करणमा जीएसलाई हराएर शारदाले उपाधि जितेको थियो ।

शनिबार भएको प्रतियोगिताको फाइनलमा खेलमा जीएस निकेतनले ३-२ को सेटमा उपाधि कब्जा गरेको हो । फाइनल खेलको पहिलो सेट २५-१८ ले जितेको शरदा मावि दोस्रो र तेस्रो सेट क्रमश: २४-२६ र १९-२५ ले गुमाएको थियो । २५-१६ ले चौथो सेटमा पुनरागमन गरेको शारदा मावि पाँचौं सेटमा ८-१५ ले पराजित भयो । प्रतियोगिता हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको थियो ।

प्रतियोगिताका उपाधि विजेता जीएस निकेतनले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र ट्रफी प्राप्त गरेको छ भने उपविजेता शारदा माविले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र ट्रफी प्राप्त गरेको छ । शनिबार बिहान सम्पन्न सेमीफाइनल खेलमा राक्सिराङ गाउँपालिकाको सूर्योदय माविलाई पराजित गर्दै शारदा मावि फाइनल प्रवेश गरेको थियो भने जीएसले पनि राक्सिराङ गाउँपालिकाकै प्रजाजागृति माध्यमिक विद्यालयलाई पराजित गर्दै फाइनल प्रवेश थियो ।

सेमिफाइनलमा पराजित भएका दुवै विद्यालयले पनि सान्त्वना पुरस्कार स्वरुप समान ५-५ हजार रुपैयाँ प्राप्त गरेको छ । यसैगरी प्रतियोगितामा व्यक्ति विधातर्फ पनि पुरस्कारको व्यवस्था थियो । व्यक्तिगत विधातर्फ प्रतियोगिताको स्वोत्कृष्ट खेलाडी जीएसका अमृत मिश्रले ३ हजार रुपैयाँ, उत्कृष्ट सेटर जीएसकै विनोद श्रेष्ठ र उत्कृष्ट स्पाइकर शारदा माविका आशिष घलानले समान २-२ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे ।

शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को व्यवस्थापन तथा हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजनामा शिक्षक भलिबल प्रतियोगिता भएको हो । शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको सभाध्यक्षतामा भएको प्रतियोगिताको समापन कार्यक्रममा जिल्ला विकास समितिका पूर्वसभापति रामेश्वर रानाको प्रमुख आतिथ्य रहेको थियो ।

# २२ जनाले रक्तदान गरे

**समाज संवाददाता**

हेटौंडा : बुद्ध जयन्तीको अवसरमा हेटौंडामा भएको कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् । हेटौंडा-१, चौकीटोलस्थित प्रज्ञा महाविहारमा २५७०औं बुद्ध जयन्तीको अवसरमा बिहिबार रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

प्रज्ञा महाविहारले बुद्ध जयन्तीको अवसरमा हरेक वर्ष रक्तदान कार्यक्रम गर्ने गरेको छ । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । सोमबार सशस्त्र प्रहरी बलले पनि रक्तदान कार्यक्रम आयोजना गर्दैछ ।

# सिस्नुपानीको सचेतनामूलक हास्यव्यङ्ग्य प्रहसन

**समाज संवाददाता**

हेटौंडा : सिस्नुपानी नेपालको स्थापना दिवसको अवसरमा सचेतनामूलक हास्यव्यङ्ग्य प्रहसन तथा सम्मान समर्पण कार्यक्रम २०८३ सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिको समन्वयमा सिस्नुपानी नेपाल मकवानपुरको आयोजनामा भएको कार्यक्रममा विभिन्न हास्य व्यङ्ग्यकारहरु तथा नवकलाकारहरुको प्रहसनका साथै सम्मान समर्पण सम्पन्न भएको हो ।

हेटौंडाको ओम्याक्स सिनेमा हलमा आयोजित कार्यक्रममा हास्यव्यङ्ग्यकार नरनाथ लुइटेललाई गणेशकुमार पौडेल स्मृति हास्यव्यङ्ग्य सम्मान २०८२ बाट सम्मान गरिएको छ । उहाँलाई २५ हजार नगदसहित सम्मान गरिएको हो । यस्तै चर्चित हास्यव्यङ्ग्य कलाकार सीता न्यौपानेलाई २० हजार रुपैयाँ नगदसहित आरसी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८२ बाट सम्मान गरिएको छ ।

कार्यक्रममा मकवानपुरका ४ वटा विद्यालयका विद्यार्थीहरुले प्रतियोगितात्मक हास्यव्यङ्ग्य प्रहसनमा सहभागी भएका थिए । जसमा हेटौंडा-४ स्थित नवोदय शिशु सदन प्रथम, हेटौंडा-१६ स्थित जनप्रिय मावि द्वितीय, बकैया-३ स्थित बुद्ध मावि तृतीय र मकवानपुरगढी-५ स्थित शारदा मावि सान्त्वना भएका छन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: १५ हजार, १० हजार, ७ हजार र ४ हजार रुपैयाँ प्राप्त गरेका छन् । उत्कृष्ट प्रस्तुतीका लागि नवोदय शिशु सदनका विद्यार्थी सन्देश गौतमले विशेष पुरस्कार प्राप्त गरे । सिस्नुपानी मकवानपुरलाई प्राप्त ८ वटा विद्यालयहरुको हास्यव्यङ्ग्य प्रहसन मध्ये ४ वटा विद्यालयको समूहहरु छनौट गरी शनिबारको विशेष कार्यक्रममा प्रस्तुतीको अवसर प्रदान गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्य तथा सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष सम्प्रस पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा सिस्नुपानी नेपाल मकवानपुरका संस्थापक अध्यक्ष आरसी रिजाल, हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल लगायत साहित्यकार तथा विभिन्न क्षेत्रका हास्यव्यङ्ग्य प्रेमीहरुको सहभागिता थियो ।

# फिफा रेफ्री शर्मालाई श्रीचन्द्र शर्मा स्मृति सम्मान




फिफा रेफ्री कल्पना शर्मालाई सम्मान गरिँदै ।

**समाज संवाददाता**

हेटौंडा : श्रीचन्द्र शर्मा स्मृति सम्मान मकवानपुरकी फिफा रेफ्री तथा प्रशिक्षक कल्पना शर्मालाई प्रदान गरिएको छ । मदन भण्डारी फाउन्डेसन मकवानपुरले शनिबार वार्षिक भेलाको आयोजना गर्दै १५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित श्रीचन्द्र शर्मा स्मृति सम्मान शर्मालाई प्रदान गरेको हो ।

कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले शर्मालाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । फिफ रेफ्री शर्माले सन् १९९९ देखि अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा समेत निर्णायक भूमिका जनाउँदै आउनुभएको छ । हेटौंडा-२ मा जन्मनुभएकी शर्माले २०४० को दशकदेखि नै फुटबल खेलाडीको पहिचान बनाउन सफल हुनुभयो । उहाँले प्रथम राष्ट्रिय महिला फुटबल च्याम्पियनसीपदेखि आठौं राष्ट्रिय खेलकुदसम्म फुटबल खेल्नुभयो । करिब १६ वर्षको फुटबलको सक्रिय खेलाडी अनुभवी भइसकेपछि उहाँले सन् १९९४ मा एन्फाबाट आधारभूत रेफ्री तालिम सुरु गर्नुभएको थियो । सन् १९९९ मा मलेसिया र फिलिपिन्समा आयोजना भएका एएफसी तथा फिफाका विशिष्ट कोर्सहरु उत्तीर्ण गरी आफुलाई अन्तर्राष्ट्रिय रुपमा निर्णायकका रुपमा स्थापित गर्नुभयो ।

शर्माले फिलिपिन्समा भएको १२औं एशियन महिला च्याम्पियनसिप (१९९९), चीनमा भएको यू-१९ एशियन महिला च्याम्पियनसिप (२००४), जोर्डनमा भएको यू-१९ एशियन छनोट (२००६) र सन् २०१० मा बंगलादेशमा सम्पन्न दक्षिण एशियाली खेलकुद (साफ खेलकुद) मा निर्णायकको भूमिका निर्वाह गर्नुभएको छ । उहाँ रुपक शर्मा मेमोरियल अवार्ड, आइ बल अफ हेटौंडा, मकवानपुर युवा प्रतिभा पुरस्कारबाट सम्मानित भइसक्नु भएको छ ।

फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, एमाले लेखा समिति सदस्य नवीन सिग्देल, जिल्ला विकास समिति मकवानपुरका पूर्व उपसभापति बद्रीप्रसाद लम्साल लगायतको उपस्थिति थियो ।

# वनदेवी दुग्ध सहकारीको साधारणसभा

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा-७ स्थित वनदेवी दुग्ध सहकारी संस्थाको ३३ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष विजयबहादुर बस्नेतको सभाध्यक्षता तथा संस्थाका ज्येष्ठ सदस्य घननाथ गौतमको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष बस्नेतले संस्थाले दुग्ध उत्पादनमा मात्र नभई संकलन, प्रशोधन, भण्डारण तथा वितरणका क्षेत्रमा प्रविधिमैत्री तथा ग्राहकमैत्री प्रणाली स्थापित गर्न सफल भएको दाबी गर्नुभयो । संस्थाले यस वर्ष २ करोड ९७ लाख २० हजार रुपैयाँ मूल्यको ४ लाख ४० हजार ८ सय लिटर दूध संकलन तथा खरिद गरेको जनाएको छ । संकलित दूध जिल्ला दुग्ध सहकारी संघमार्फत ३ करोड ४ लाख ४५ हजार रुपैयाँको र स्थानीयरुपमा १२ लाख ९२ हजार रुपैयाँको बिक्री गरिएको संस्थाले जनाएको छ ।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्षहरु ध्रुवकृष्ण कुँवर, रामजीप्रसाद पौडेल, नवराज खतिवडा, पूर्वव्यवस्थापकहरु रामशरण गौतम, कृष्णहरि गौतमलगायत सहकारीका सदस्यहरुको उपस्थिति थियो ।

**डँढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

- सुख्खा मौसममा डँढेलो लाग्न सक्छ,
- डँढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पर्न सक्छ, त्यसैले डढेँलोबाट जोगिन :

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिँडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डँढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डँढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

**डिभिजन वन कार्यालय**
**हेटौंडा, मकवानपुर**

**फुल फर्निस्ड सटर विक्रीमा**

हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर विक्रीमा रहेकोले ब्यवसाय गर्न इच्छुक ब्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४५१-२७०३८

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

**डँढेलोबाट बचौं र बचाऔं**

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

**वन तथा वातावरण मन्त्रालय**
**बागमती प्रदेश, नेपाल**
**हेटौंडा, मकवानपुर**




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ